# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१९ गते

## प्रेस विज्ञप्ति

**विषय: मालपोत कार्यालय, सिराहाका कार्यालय प्रमुख, प्रमुख मालपोत अधिकृत (उप-सचिव) ज्ञानराज लम्साललाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

मालपोत कार्यालय, सिराहाका कार्यालय प्रमुख, प्रमुख मालपोत अधिकृत ज्ञानराज लम्सालले नक्सा सुधार गरी क्षेत्रफल कायम गरिदिने प्रयोजनका लागि सेवाग्रहीसँग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालय, सिराहाबाट खटि गएको टोलीले निज प्रमुख मालपोत अधिकृत (उप-सचिव) ज्ञानराज लम्साललाई रु. ४०,०००।- (चालिस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा आफ्नै कार्यकक्षबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी